# केही फौजदारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२०

*(मिति २०७४ साल कार्तिक मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

नोटः यो ऐन केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ प्रारम्भ भएपछि संवत् २०७५ भदौ १ बाट खारेज हुने ।

# केही फौजदारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२०

लालमोहर र प्रकाशन मिति
२०२०।५।१०

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| १. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◄ | २०६६।१०।७ |
| २. केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ | २०७२।६।१४ |

२०२० सालको ऐन नं. १४

⏭...............

केही फौजदारी मुद्दा खारेज गर्न र दण्ड सजाय मिनाहा दिन बनेको ऐन

प्रस्तावना : प्रचलित मुलुकी ऐनको कानूनी व्यवस्थामा समयोचित सुधार गर्न सो ऐनको बृहत संशोधन र एकीकरण भै २०२० साल भाद्र १ गतेदेखि लागू हुने गरी नयाँ मुलुकी ऐन जारी भैसकेको, र

सो बमोजिम जारी भएको मुलुकी ऐनले धार्मिक एवं सामाजिक विचारधारा, चेतना र मान्यताहरुमा समयको प्रभावले आएको परिवर्तनको सन्दर्भमा कतिपय मौलिक महत्वपूर्ण एवं समयोचित सुधारहरुको कानूनी व्यवस्था साथै कामको प्रकृति र अवस्थाका आधारमा अपराध र सजायको पुन: मूल्यांकन र पुन: निर्धारण समेत गरेको, र

यसरी मुलुकी ऐनको रुपमा व्यक्त भएको हाम्रो राष्ट्रिय नीति एवं आकाँक्षा र राष्ट्रले अपनाएको धार्मिक एवं सामाजिक आचारका उदारवादी सिद्धान्तहरुको सन्दर्भमा २०२० साल भाद्र १ गते भन्दा अघि भए गरेका काम कुराका सम्बन्धमा धर्म, जात वा जातिको संकीर्ण आधारमा रहेको भेदभावपूर्ण कानूनी व्यवस्था र त्यसको कानूनी परिणामलाई पूर्ववत् रुपमा कायम राख्न उचित नदेखिने हुँदा त्यस सम्बन्धमा यथाशीघ्र आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "केही फौजदारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२०" रहेको छ ।

(२) यो ऐन नेपाल ⇒......... भर लागू हुनेछ ।

---

◄ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⇒ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "साविकको मुलुकी ऐन" भन्नाले २०२० साल भाद्र १ गते भन्दा अघि लागू रहेको मुलुकी ऐन सम्झनु पर्छ ।

(ख) "मुद्दा मामिला" भन्नाले सबै किसिमको अदालती कारबाही सम्झनु पर्छ ।

(ग) "अदालत" भन्नाले मुद्दा हेर्न कानून बमोजिम अधिकार पाएको अड्डा, कार्यालय वा अधिकारी समेतलाई सम्झनु पर्छ ।

३. मुद्दा नचल्ने : (१) अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम अपराध नठहरिने कुनै काम कुरामा यो ऐन प्रारम्भ भएपछि साविकको मुलुकी ऐन अन्तर्गत कुनै अपराधको अभियोग लगाई कुनै मुद्दा मामिला चलाइने र कारबाही गरिने छैन ।

(२) अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम अपराध नठहरिने कुनै काम कुरामा साविकको मुलुकी ऐन अन्तर्गतको कुनै अपराधको अभियोग लगाई यो ऐन प्रारम्भ हुँदाका बखत कुनै मुद्दा मामिला दायर भएको वा चलिरहेकोमा यो ऐन प्रारम्भ भएपछि त्यस्ता सबै मुद्दा मामिला जुनसुकै तहमा भए पनि स्वत: खारेज भएको मानिनेछ ।

४. सजाय मिनाहा दिने : (१) अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम अपराध नठहरिने कुनै काम कुरामा साविकको मुलुकी ऐन अन्तर्गत कुनै अपराधको अभियोग लागि अदालतबाट कसूरदार ठहराई यो ऐन प्रारम्भ हुँदाका बखत सजाय भोगिरहेको व्यक्तिले भुक्तान गर्न बाँकी भएजति सजाय सबै यो ऐन प्रारम्भ भएपछि स्वत: मिनाहा भएको मानिनेछ ।

(२) अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम अपराध नठहरिने कुनै काम कुरामा साविकको मुलुकी ऐन अन्तर्गत कुनै अपराधको अभियोग लागि अदालतबाट कसूरदार ठहराई यो ऐन प्रारम्भ हुँदाका बखत सजायको फैसला वा आदेश भैसकेकोमा यो ऐन प्रारम्भ भएपछि सो सजाय सबै स्वत: मिनाहा भएको मानिनेछ ।

(३) कुनै काम कुरामा साविकको मुलुकी ऐन अन्तर्गत कुनै अपराधको अभियोग लागी अदालतबाट कसूरदार ठहराई यो ऐन प्रारम्भ हुँदाका बखत कुनै व्यक्तिले सजाय भोगिरहेको वा निजलाई सजाय हुने गरी फैसला वा आदेश भइरहेकोमा त्यस्तो काम कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐन अन्तर्गत पनि अपराध ठहरिने रहेछ र त्यसमा साविकको मुलुकी ऐन बमोजिम भएको सजायभन्दा अनुसूचीमा उल्लेख भएका नेपाल ऐनमा कम सजाय तोकिएको रहेछ भने सो बढी भएजति सजाय स्वत: मिनाहा भएको मानिनेछ ।

५. अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम सजाय गर्ने : (१) साविकको मुलुकी ऐन अन्तर्गत अपराध ठहरिने कुनै काम कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐन अन्तर्गत पनि अपराध ठहरिने रहेछ भने संवत् २०२० साल भाद्र १ गतेभन्दा अघि गरे भएको त्यस्तो अपराधमा समेत अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिमको सजाय हुनेछ ।

तर :-

(क) साविकको मुलुकी ऐनले तोकेको सजायभन्दा अनुसूचीमा उल्लेख भएका नेपाल ऐनमा बढी सजायको व्यवस्था भएको रहेछ भने यस उपदफा बमोजिम सजाय तोक्दा साविकको मुलुकी ऐनले तोकेको सजायमा नबढाई सजाय तोकिनेछ,

(ख) साविकको मुलुकी ऐनमा दण्ड जरिवाना वा कैद नतोकी अरु नै किसिमको सजायको व्यवस्था भएकोमा उपदफा (२) बमोजिम गर्नु पर्छ ।

(२) यो ऐन प्रारम्भ भएपछि देहायमा लेखिएको कुनै किसिमको सजाय वा आदेश दिने वा कार्यान्वित गरिने छैन :-

(क) मुड्ने,

(ख) खोप्ने,

(ग) दामल गर्ने,

(घ) जात पतित गर्ने,

(ङ) अभक्ष खुवाउने,

(च) जनै झिकिदिने,

(छ) टाङमुनी छिराउने,

(ज) पैताला चटाउने,

(झ) पतिया वा प्रायश्चित गराउने,

(ञ) तीर्थ घुम्नु पर्ने, र

(ट) गाउँ वा शहर बाहिर निकाला गर्ने ।

तर :-

(क) त्यस्तो कुनै सजायमा दण्ड जरिवाना, कैद वा अरु कुनै प्रकारको आर्थिक दायित्व समेत गाभिएको वा निहित रहेको भए त्यस्तो दण्ड जरिवाना, कैद वा आर्थिक दायित्वबाट कसूरदारले छुटकारा पाएको मानिने छैन र उपदफा (१), दफा ३ र दफा ४ का अधीनमा रही त्यस सम्बन्धमा निजलाई कानून बमोजिम सजाय गरी त्यस्तो सजाय असूल उपर गरिनेछ ।

(ख) त्यस्तो सजायको व्यवस्था गर्न कानूनमा त्यस्तो सजायका साथै विकल्पको रुपमा कैद, दण्ड जरिवाना वा अरु कुनै आर्थिक दण्ड सजाय वा दायित्वको समेत व्यवस्था भएको रहेछ भने त्यस्तो सजायको सट्टा कसूरदारलाई उपदफा (१), दफा ३ र ४ का अधीनमा रही सो कैद, जरिवाना वा दण्ड सजाय वा दायित्व हुनेछ ।

६. <u>केही अपराध र मुद्दाहरुका सम्बन्धमा विशेष व्यवस्था</u> : (१) दफा ३ को उपदफा (२) मा जेसुकै कुरा लेखिएको भए तापनि साविकको मुलुकी ऐन बमोजिम कुनै फौजदारी अभियोग लगाई कुनै व्यक्ति उपर मुद्दा चलिरहेकोमा सो मुद्दा परेका कुराहरु मध्ये कुनै कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम अपराध ठहरिने र कुनै कुरा त्यस्तो अपराध नठहरिने रहेछ भने त्यस्तो अपराध ठहरिनेजति काम कुराका सम्बन्धमा मुद्दा खारेज नगरी कानून बमोजिम कारबाही गर्नु पर्छ ।

(२) दफा ४ को उपदफा (१) र उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि साविकको मुलुकी ऐन अन्तर्गत कुनै फौजदारी अपराधको कसूर ठहरी सो वापत कुनै व्यक्तिले सजाय भोगिरहेको वा निजका विरुद्ध सजायको फैसला वा आदेश भएकोमा सो अपराध ठहरे मध्येको कुनै काम कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम पनि अपराध ठहरिने र कुनै काम कुरा त्यस्तो अपराध नठहरिने रहेछ भने त्यस्तो अपराध ठहरिने जति काम कुराका सम्बन्धमा सो उपदफाहरु बमोजिम सजाय मिनाहा हुने छैन ।

<u>अनुसूची</u>

१. २०२० साल भाद्र १ गतेदेखि लागू हुने गरी जारी भएको मुलुकी ऐन ।

२. जुवा ऐन, २०२० ।

३. सवारी ऐन, २०२० ।

४. रेल्वे ऐन, २०२० ।